केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/०६/०६९/७० मिति: २०६९/०६/२८

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. **शुन्य व्याजदर कर्जा र शाखा कार्यालय खोल्ने सम्बन्धी व्यवस्था**
यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६९ को इ.प्रा. निर्देशन नं. १४।०६९ को बुँदा नं. १ को खण्ड (ञ) बमोजिम ३० जिल्लाहरुको सट्टा भोजपुर, खोटाङ, ओखलढुंगा, रसुवा, मनाङ, रोल्पा, रुकुम, सल्यान, जुम्ला, मुगु, हुम्ला, कालिकोट, डोल्पा, जाजरकोट, बझाङ, बाजुरा, र दार्चुला गरी १७ जिल्लाहरुलाई बैंक तथा वित्तीय संस्थाहरुको उपस्थिति न्यून रहेका जिल्लाहरु तोकिएको हुँदा सोही बमोजिम पूर्ववत शुन्य ब्याजदरमा कर्जा सुविधा उपलब्ध गराइनेछ । साथै, सोही निर्देशनको खण्ड (झ) मा उल्लिखित ३० जिल्लाको सट्टा खण्ड (ञ) बमोजिमको १७ जिल्ला कायम गरिएको छ । यो निर्देशन जारी हुनु पूर्व ३० जिल्लामा शाखा खोल्न यस बैंकबाट स्वीकृति प्राप्त गरी सकेकाको हकमा पूर्ववत व्यवस्था अनुसार नै हुनेछ ।

२. **बैंक तथा वित्तीय संस्थाहरुले "घ" वर्गको सहायक कम्पनी खोल्ने सम्बन्धमा**
वित्तीय सेवाको पहुँच कम रहेका मनाङ्ग, हुम्ला, डोल्पा, कालिकोट, मुगु, जाजरकोट, बझाङ्ग, बाजुरा र दार्चुला गरी ९ जिल्लामा प्रधान कार्यालय राखी उपरोक्त जिल्ला सहित अन्य जिल्लाहरुमा समेत वित्तीय कारोवार सन्चालन गर्ने गरी बाहेक "घ" वर्गको सहायक कम्पनी खोल्न इजाजतपत्र दिने कार्य स्थगित गरिएको छ ।

३. **वित्तीय सेवाको पहुँच न्यून रहेका जिल्लामा निक्षेप संकलन गर्ने व्यवस्था**
इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुले यस बैंकको स्वीकृति लिई वित्तीय सेवाको पहुँच कम रहेका मनाङ्ग, हुम्ला, डोल्पा, कालिकोट, मुगु, जाजरकोट, बझाङ्ग, बाजुरा र दार्चुला गरी ९ जिल्लामा मात्र कार्यक्षेत्र रहने गरी खोलिएका "घ" वर्गका इजाजतपत्रप्राप्त संस्थाले आफ्नो संस्थाको प्राथमिक पूँजीको बढीमा ५ गुणासम्म सर्वसाधारणबाट निक्षेप संकलन गर्न सक्ने छन् ।

४. **एकल ग्राहक कर्जा सम्बन्धमा**
यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६९ को निर्देशन नं. ३।०६९ को बुँदा नं. ६ को खण्ड (च) लाई देहाय बमोजिम संशोधन गरिएको छ ।

*"(च) खण्ड (ख) बमोजिम एउटा ग्राहक वा कम्पनीले अर्को ग्राहक वा कम्पनीलाई जमानत दिएको भए त्यस्ता ग्राहक वा कम्पनीहरु ।*

*तर राष्ट्रिय प्राथमिकताप्राप्त जलविद्युत आयोजनाको हकमा कुनै ग्राहकले जमानत दिएको आधारमा मात्र आपसी सम्बन्ध भएका ग्राहकहरुको समूहमा नपर्ने गरी शर्तहरु तोकी छुट दिन सकिने छ ।*
*तर तोकिएको समयमा आयोजना सम्पन्न नभएमा यस्तो छुट स्वतः रद्द हुनेछ ।"*

५. **एक्सटेन्सन काउण्टर खोल्ने व्यवस्था सम्बन्धमा**
यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६९ को निर्देशन नं. १४ को बुँदा नं. ५ मा एक्सटेन्सन काउण्टर खोल्ने व्यवस्था अन्तर्गत खण्ड (ञ) पछि देहाय बमोजिमको प्रतिवन्धात्मक वाक्यांश थप गरिएको छः-

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

*"तर इजाजतपत्रप्राप्त "क" वर्गका बैंकले राजश्व संकलन गर्ने प्रयोजनको लागि खोल्ने एक्सटेन्सन काउण्टरको हकमा यस्तो सीमामा छुट प्रदान गर्न सकिने छ ।"*

६. **Cheque Standards and Specifications मा संशोधन गरिएको सम्बन्धमा**
यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६९ को इ.प्रा. निर्देशन नं. २२।०६९ को बुँदा नं. ३६ बमोजिम यस अघि जारी Cheque Standards and Specifications लाई यसै साथ संलग्न विवरण बमोजिम संशोधन गरिएको छ ।

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

<u>बोधार्थ</u> :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि. तथा नी.वि. महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
११. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
१२. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१३. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं ।
१४. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।